बैठक सख्या : २००  आ.व. २०८२।२०८३

आज मिति २०८३ साल बैशाख १४ गते सोमबार निजगढ नगरपालिकाको प्रमुख श्री सुरथ पुरीज्यूको अध्यक्षतामा निजगढ नगरपालिकाको नगर कार्यपालिकाको बैठक बस्यो। उक्त बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

उपस्थितिः

१. प्रमुख श्री सुरथ पुरी
२. उपप्रमुख श्री सोममाया थिङ्ग
३. १ नं. वडा अध्यक्ष श्री मंगले लोप्चन
४. २ नं. वडा अध्यक्ष श्री राजन श्रेष्ठ
५. ३ नं. वडा अध्यक्ष श्री गोकुल प्रसाद तिमल्सिना
६. ४ नं. वडा अध्यक्ष श्री विशन सापकोटा
७. ५ नं. वडा अध्यक्ष श्री सूर्य बहादुर थापा मगर
८. ६ नं. वडा अध्यक्ष श्री घनश्याम तिमल्सिना
९. ७ नं. वडा अध्यक्ष श्री टेक बहादुर लामा
१०. ८ नं. वडा अध्यक्ष श्री स्वर्ण लामा
११. ९ नं. वडा अध्यक्ष श्री रामचन्द्र कटुवाल
१२. १० नं. वडा अध्यक्ष श्री आशाकाजी श्रेष्ठ
१३. ११ नं. वडा अध्यक्ष श्री सहइया गुरो
१४. १२ नं. वडा अध्यक्ष श्री ज्ञान बहादुर गोले
१५. १३ नं. वडा अध्यक्ष श्री सूंर्य घलान
१६. नगर कार्यपालिका सदस्य श्री पवित्रा सुनार
१७. नगर कार्यपालिका सदस्य श्री फुलमाया लामा घलान
१८. नगर कार्यपालिका सदस्य श्री मनमाया तामाङ
१९. नगर कार्यपालिका सदस्य श्री मनमाया मगर
२०. नगर कार्यपालिका सदस्य श्री मिना चौरेल
२१. नगर कार्यपालिका सदस्य श्री मान बहादुर डासेली
२२. नगर कार्यपलिका सदस्य श्री मैया कुमारी सुनार
२३. नगर कार्यपलिका सदस्य श्री शर्मिला विश्वकर्मा
२४. प्रमुख प्रशासकीय अधिकृत श्री सुर्य प्रसाद गौतम (सदस्य सचिव)

आमन्त्रितः

१. लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा
२. अधिकृत आठौं श्री अजय कुमार उप्रेती
३. अधिकृत छैठौं श्री जीवन गौतम
४. सूचना प्रविधि अधिकृत श्री नविन तिमल्सिना
५. कृष्ण कुमार खुलाल

सहयोगी कर्मचारीः

१.न.प्र.ह.श्री लक्ष्मण प्रसाद पराजुली २.का.स. श्री किरण आचार्य ३. दिपेश प्याकुरेल

## प्रस्ताव एवं निर्णयहरु :-

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | अघिल्लो बैठको समिक्षा सम्बन्धमा । | निजगढ नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।१२।१४ गतेको बैठकको निर्णयहरुको समिक्षा गरियो । |
| २ | भूमि प्रशासन सम्बन्धी सेवा प्रवाह सम्बन्धमा । | श्री भूमी व्यवस्था सहकारी तथा गरिवि निवारण मन्त्रालयको मिति २०८३।०१।१० गतेको प्राप्त पत्रानुसार नेपालको संवैधानिक व्यवस्था अनुसार हालको भूमिसुधार मालपोत तथा नापी कार्यालयबाट प्रवाह हुँदै आएको सेवालाई स्थानीय तहबाट प्रवाह गर्न निजगढ नगरपालिका इच्छुक भई यस अघि नै विभिन्न समयमा पत्राचार समेत गरेकोमा उक्त सेवालाइ नगरपालिकाबाटै सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार र जनशक्ति आफै व्यवस्था गर्ने गरि भूमि सुधार सम्बन्धी नापी र मालपोतको सेवा नगरपालिकाबाटै प्रवाह गर्न श्री भूमी व्यवस्था सहकारी तथा गरिवि निवारण मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो । |
| ३. | नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड २०८३ सम्बन्धमा। | श्री जिल्ला समन्वय समितिको कार्यालयको मिति २०८३।०१।०४ गतेको राय/सुझाव सहितको विवरण सम्बन्धमा पत्र प्राप्त भएकोमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरेको **"गाँउपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड,२०८३"** को बुदा नं. ५(क) मा उल्लेख भए अनुसार यस पालिका र वडाको सिमाना र संख्या हेरफेर गर्न वा केन्द्र परिवर्तन गर्ने प्रयोजनका लागि वडाको नक्सा मिलाउने एकीकृत गर्ने पालिका मर्ज गर्नका लागि तपसिल बमोजिमको ७ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।<br>१. उपप्रमुख श्री सोममाया थिङ - संयोजक<br>२. वडा अध्यक्ष श्री विसन सापकोटा - सदस्य<br>३. वडा अध्यक्ष श्री ज्ञान वहादुर गोले - सदस्य<br>४. वडा अध्यक्ष श्री मङ्गले लोप्चन- सदस्य<br>५. वडा अध्यक्ष श्री स्वर्ण लामा - सदस्य<br>६. कार्यपालिका सदस्य श्री मैया कुमारी सुनार -सदस्य<br>७. न.पा.को अमिन श्री अनिल चौधरी – सदस्य-सचिव |

सुरथ पुरी
नगर प्रमुख

| | | |
|---|---|---|
| ४ | आगजनी भई डडेर काम नलाग्ने अवस्थामा रहेका मालसामानको व्यवस्थापन | अर्थ मन्त्रालयको मिति २०८२।०६।०८ गतेको पत्रानुसार यस कार्यालयमा जेन-जी पुस्ताको आन्दोलनको क्रममा जलेर पत्रु अवस्थामा रहेका सम्पतीहरुको विवरण एकिन गरि "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७**" बमोजिम पूर्ण रुपमा नष्ट भइ पत्रु भएका वा पुन प्रयोग गर्न निमल्ने भनि सम्पतीको किटान गर्न भौतिक संरचना सवारी तथा अन्य साधन मेशिनरी औजार उपकरण र फर्निचर आदिसमेत दर्ता खारेजी र जिन्सी तथा सम्पति अभिलेखबाट हटाउने प्रयोजनको लागि सामानहरुको मुल्याङ्कन गरि प्रतिवेदन सिफारिस गर्न इञ्जिनियर आठौं श्री रुपेश कुमार यादवको संयोजकत्वमा , राजश्व शाखा प्रमुख श्री दिनेश श्रेष्ठ, र सहायक पाँचौ श्री हिरालाल राना रहने गरि ३ सदस्यीय समिति गठन गरिएकोमा समितिले मिति २०८२।१२।०६ गते प्रतिवेदन समेत पेश गरेकोमा गृह मन्त्रालयको मिति २०८२।०६।२४ गतेको प्राप्त पत्र, अर्थ मन्त्रालयको मिति २०८२।०६।०८ गतेको पत्र समेतको आधारमा जलेर नष्ट भइ पत्रु अवस्थामा नगर कार्यपालिकाको कार्यालयको कार्यालय परिसर भित्र रहेका मालसामानहरुको प्रचलित नियमानुसार दर्ता खारेजी र जिन्सी तथा सम्पती अभिलेखबाट हटाउने निर्णय गरियो ।साथै, मिनाहा गरिएका जिन्सी तथा सम्पतीको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र प्रचलित नियम र कार्यविधि बमोजिम पत्रु सम्पती तथा जिन्सी मालसामानहरुको रुपमा न्यूनतम लिलाम बिक्री मूल्य कायम गरी सूचना प्रकाशित गरि लिलाम बिक्री गर्ने निर्णय गरियो । |
| ५ | जिल्ला ट्राफिक प्रहरि कार्यालय निजगढ सम्बन्धमा । | निजगढ नगरपालिका वडा नं. ८ को वडा कार्यालयको चलानी नम्बर ७२२ मिति २०८२।११।१५ को पत्रानुसार जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ, बाराले निजगढ नगरपालिका वडा नं. ८ मा भोगचलन गरिरहेको क्षेत्रफल ०-१०-० (**दश कठ्ठा**) जग्गालाइ जिल्ला ट्राफिक प्रहरी कार्यालयको नाममा ल्याउन वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोमा, उक्त जग्गा जिल्ला ट्राफिक प्रहरी कार्यालयको नाममा ल्याउन आवश्यक प्रकृया सम्बन्धमा अध्ययन गरि आवश्यक समन्वय र सहजिकरण गर्ने निर्णय गरियो । |
| ६ | प्रभात पुस्तकालय सञ्चालन सम्बन्धमा । | निजगढ नगरपालिकामा पठन संस्कृतिको विकास र विस्तार गर्ने उदेश्यका साथ नगरपालिकाले विभिन्न आर्थिक वर्षहरुमा लगानी गरि निजगढ नगरपालिका वडा नं ९ मा प्रभात पुस्तकालयको भवन निर्माण भएकोमा उक्त पुस्तकालयलाई सञ्चालनमा ल्याउन सबै प्रकृतिका पुस्तकहरुको आवश्यकता पर्ने भएकोले नेपालमा पुस्तक प्रकाशन गर्ने प्रकाशक, वितरक, लेखक, सार्वजनिक सङ संगठन, क्लव , समाजसेवी लगायत पुस्तक दान गर्न इच्छुक सबैमा पुस्तक दान गर्न अपिल गर्ने, प्रभात पुस्तकालयलाइ |

सुरेश पुरी
नगर प्रमुख

| | | |
|---|---|---|
| | | सञ्चालनमा ल्याउने कार्यलाइ अगाडि वढाउने निर्णय गरियो । |
| ७ | निजगढ-सिङ्गौल र तामागढी-अमलेखगञ्ज सडकको दाँया वाँया रहेका रुखका हाङ्गा काट्ने सम्बन्धमा । | नेपालमा चैत्र महिनाको समाप्ति सँगै हावाहुरी चट्याङ्ग जस्ता प्राकृतिक घटनाबाट वच्न र वचाउन पूर्व सचेतनाको कार्य गर्न नसक्दा निजगढ नगरपालिकामा विभिन्न समयमा विभिन्न घटना भएको छ । निजगढ नगरपालिका वडा नं ८ को तामागढि- अमलेखगञ्ज सडक खण्ड , निजगढ-सिङ्गौल सडक लगायत नगरको विभिन्न स्थलको सार्वजनिक स्थानमा रहेका रुख तथा त्यसको हाँगा, विगा झरेर विभिन्न समयमा नागरिकले ज्यान गुमाउनु परेको छ । यस विषयलाइ मध्यनजगर गर्दै यस अघिपनि नगरपालिले डिभिजन वन , राष्ट्रिय निकुञ्जलाइ आ आफ्नो क्षेत्रमा पर्ने रुखका हाँगा विगाहरु काटि सडकमा आवतजावत गर्ने नागरिकलाइ सुरक्षित महसुस गराउन पत्राचार गरेकोमा हालसम्म उक्त विषयको यथोचित व्यवस्था नभएको हुँदा सडक र सार्वजनिक स्थलका रुख र सो का हाँगाविँगाहरु कटान गर्न र छाट्न आवश्यक रहेकोले पुन आवश्यकता अनुसार डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज तथा सामुदायिक वनहरुलाइ पत्राचार गर्ने निर्णय गरियो । |
| ८ | स्थानीय आर्थिक गणना समन्वय समितिको गठन सम्बन्धमा । | राष्ट्रिय तथ्याङ्क कार्यालयको चलानी नम्बर ९१४ मिति २०८२।११।१९ गते आवश्यक सहजीकरण तथा सहयोग गर्ने सम्बन्धी विषयको पत्र प्राप्त भएकोमा नेपालमा दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२।०८३ लाइ सफल वनाउन जारी भएको राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ मा **"स्थानीय तहले आफ्नै स्रोतबाट खर्थ व्यहोर्ने गरी नगरपालिकाभित्र गणना कार्यलाई सहयोग र सहजिकरण गर्नका साथै आर्थिक क्रियाकलाप सञ्चालन गर्ने व्यवसाय तथा प्रतिष्ठानको पूर्ण गणना भएको प्रत्याभुत गर्न स्थानीय तहका प्रमुखको संयोजकत्वमा स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने"** व्यवस्था वमोजिम तपसिल वमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने निर्णय गरियो ।<br>क. नगर प्रमुख सुरथ पुरी – संयोजक<br>ख. नगर उपप्रमुख सोममाया थिङ्ग – सदस्य<br>ग. वाणिज्य , व्यापार संघ संस्थाको प्रतिनिधि –<br>घ. वाणिज्य , व्यापार संघ संस्थाको प्रतिनिधि –<br>ङ. वाणिज्य , व्यापार संघ संस्थाको प्रतिनिधि –<br>च. प्रमुख ,विपद व्यवस्थापन क्याम्प-<br>छ. प्रमुख , जिल्ला ट्राफिक प्रहरी कार्यालय-<br>ज. प्रमुख, इलाका प्रहरी कार्यालय निजगढ- |

सुरथ पुरी
नगर प्रमुख